Email :- pmamp.piu.dhading@gmail.com
☏: ०१०- ४१६१११, ५२०९०१

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन इकाई**
**धादिङ**

# सुचना !

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०६/१५**
**सूचना नं. ०५- ०७७/०७८**
**कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सुचना**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, धादिङको चालु आ.व. का स्वीकृत कार्यक्रमहरु मध्ये तपसिलका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले धादिङ जिल्लाका इच्छुक कृषक समूह/सहकारी/संस्था/समिति/निजी कृषि फर्म (दोस्रो नम्बरको कार्यक्रमको लागि) र कृषि बिषय अध्यापनरत शिक्षालयहरु (पहिलो कार्यक्रमको लागि) ले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मितिः २०७७/०७/०५ गते ) सम्ममा यस परियोजना कार्यान्वयन इकाईमा तोकिएको ढाँचामा आवेदन दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**कार्यक्षेत्रः धादिङ जिल्ला भरि**

तपसिलः

| क.स. | कार्यक्रम | साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम | बढिमा १० लाख | • कार्यक्रम संचालन परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ५.१ अनुसार हुने।<br>• धादिङ जिल्लामा कृषि बिषय अध्यापनरत शिक्षालयहरुले कम्तिमा २५ प्रतिशत लगानी गर्ने शिक्षालयको प्रतिवद्धता, विद्यार्थीको प्रतिवद्धता र सहभागी हुने विद्यार्थी संख्या लगायतका बिषय उल्लेख गरि कार्यक्रम संचालनको प्रारम्भिक प्रस्ताव सहित आवेदन गर्नु पर्नेछ। |
| २ | चक्लावन्दीमा कृषि पकेट कार्यक्रम | ६ वटा योजना (प्रति पकेट बढीमा १० लाख) | • कार्यक्रम संचालन परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ५.२ अनुसार हुने।<br>• जग्गाको एकिकरण गरी चक्लावन्दी कार्यक्रम (कृषक व्यवस्थित कृषक खेती -७ हेक्टर, समुह/सहकारी व्यवस्थित कृषक खेती -१० हेक्टर, सहकारी व्यवस्थित सहकारी खेती -७ हेक्टर, निजी फर्म व्यवस्थित कृषक खेती -७ हेक्टर, निजी फर्म व्यवस्थित खेती -७ हेक्टर) मा संचालन गर्नु पर्नेछ ।<br>• धादिङ जिल्लाका इच्छुक कृषक समुह/ निजी फ्रम/समिति/संस्था/सहकारी हरुले आवश्यक कागजात संलग्न राखी कार्यालयले उपलब्ध गराउने ढाँचामा आबेदन गर्नु पर्नेछ । |

**कार्यक्रम मागको लागि निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म तथा शिक्षालय दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक न्युनतम जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता नामा।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
४. कार्यक्रम संचालन गर्ने सम्बन्धमा सम्बन्धित संस्थाले गरेको निर्णयको प्रतिलिपि ।
५. सम्बन्धित स्थानिय तह वा वडाको सिफारिस पत्र तथा समन्वय गर्ने प्रतिवद्धता पत्र ।

६।१५
.................
(डा. कमलराज गैरे )
वरिष्ठ कृषि अधिकृत

बिस्तृत जानकारीका लागिः
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, धादिङ
सम्पर्क नं. ०१०-५२०९०१, ४१६१११